हिमा गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ७ | संख्या : ७ | मिति : २०७९ |

भाग–२

## हिमा गाउँपालिका

कालिकाखेतु, जुम्ला

कर्णाली प्रदेश, नेपाल

# "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि-२०७९

# "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि-२०७९

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषताहरूलाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषातहरूलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारीता, जवाफदेही, विश्वशनीयता तथा भेदभाव रहित प्रतिस्पर्धी तथा श्रोत साधनको उच्चतम् उपयोग जस्ता उद्देश्यहरू हासिल गर्न सार्वजनीक निर्माणमा निजी क्षेत्रको सहज पहुँचका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी हिमा गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## (१) इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजत पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

## (२) नयाँ इजाजत पत्र सम्बन्धी व्यवस्था :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीहरूले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागि यस हिमा गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम पर्न आएका दरखास्तहरू प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५ बमोजिमको योग्यता भए नभएको सम्बन्धमा सिभिल ईन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म कम्पनी इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

## (३) इजाजतपत्रको अवधि र नविकरणः

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश, स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय प्रदेश स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित गाउँपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूचि-४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको अद्यावधिक कार्यहरुको विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची बमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप (डबल) दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नविकरण गरीदिनेछ ।

## (४) इजाजतपत्रको खारेजीः

(१) देहायको अवस्मा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछः

(क) झुठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा

(ख) सार्वजनिक निर्माण कार्य गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठा विवरण पेश गरेको सम्बन्धित निकायवाट लेखि आएमा

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लघन भएको सम्बन्धित निकायबाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइने छ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्याक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## (५) इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्थाः

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ । साथै यस अघि जिल्ला समन्वय समितिबाट यस कार्यालयलाई हस्तानतरण भएका फर्म वा कम्पनीले यस कार्यविधि बमोजिम पहिलो पटक निर्धारित समयमा अनिवार्य रुपमा प्रतिलिपि लिनु पर्नेछ ।

## (६) प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## (७) बचाउः

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको मानिनेछ ।

अनुसूची-१

# कार्यविधिको दफा २ को उपदफा १ संग सम्बन्धित इजाजतपत्रको लागि दिईने दरखास्त

**विषयः इजाजतपत्र पाउ भन्ने बारे ।**

श्री हिमा गाउँपालिकाको कार्यालय
कालिकाखेत, जुम्ला ।

यस हिमा गाउँपालिकाको कार्यालयको कार्यविधि निर्माण व्यवसाय बमोजिम सर्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनी-**

नाम :

ठेगाना :

पोष्ट बक्स :

टेलिफोन नः-　　　　　　　　　　पयाक्स नः-

ईमेलः-

**२ फर्म वा कम्पनिको प्रकृति**

☐ पर्ईभेट　　　　लिमिटेड　　　　कम्पनी ☐

पब्लिक लिमिटेड कम्पनी ☐

☐ एकलौटी

साझेदारी

(कोष्टमा रेजा लगाउनु प्रनेछ।

**३. सम्पर्कको लागि फर्म वा काम्पनीको आधिकारीक व्यक्तिको -**

नाम धर

ठेगाना

पोष्ट बक्सः टेलिफोन :

फ्याक्स नं.:

ईमेलः

**४. फर्म वा कम्पनीको विवरण -**

दर्ता नं. अधिक्तम पूँजी -

दर्ता मिति- जारी पूँजी —

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना -

**५. इजाजत पत्र लिन चाहेको वर्ग : (घ) वर्ग**

**७. आर्थिक श्रोतको विवरण :**

| | रकम | वित्तीय संस्था बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्रोफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण**

(क) प्राविधिक :

(ख) अप्राविधिक

(ग) प्राविधिक कर्मचारीको certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ ।

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजार विवरण**

| सि.न. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

| सि.न. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजार स्वामित्वको कागजात दर्ता प्रमाणपत्र र उक्त मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ।

१०. यस अघि सम्पन्न गरेको विवरण :

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात

क.

ख.

क. ६ समूहीकरण हुन चाहेको समूह :

**७. आर्थिक श्रोतको विवरण :**

| | रकम | वित्तीय संस्था बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्रोफ्ट | | |
| मुद्दती खाता | | |

| | | |
|---|---|---|
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

## ८. कामदारको विवरण

(क) प्राविधिक :

(ख) अप्राविधिक

(ग) प्राविधिक कर्मचारीको certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ ।

## ९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजार विवरण

| सि.न. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजार स्वामित्वको कागजात दर्ता प्रमाणपत्र र उक्त मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ।

१०. यस अघि सम्पन्न गरेको विवरण :

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात

क.

ख.

ग. यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

| निर्माण व्यवसायीको छाप |
|---|

दरखास्तवालाको

दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लिखित भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत संलग्न कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची-२

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा ३ सँग सम्बन्धित

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजत पत्र दस्तुर | इजाजत पत्र दस्तुर नविकरण दस्तुर | इजाजत पत्र नविकरण थप (डबल दस्तुर) | इजाजत पत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रू ६००० | रू २५०० | ५००० | १००० |

द्रष्टव्य : घ वर्गको व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि बमोजिम दफ ३ को उपदफ २ बमोजिमको म्यादभित्र इजाजत नविकरण दस्तुर र दफा ३ उपदफा ३ बमोजिमको म्यदभित्र इजाजत निवकरण गराउँदा इजाजत पत्र नविकरण थप (डबल) दस्तुरको महलमा उल्लिखित दस्तुर तिर्नु पर्नेछ ।

अनुसूची-३

कार्यविधिको दफा २ को उपदफ (१) र दफा ३ को उपदफा ३ सँग सम्बन्धित

इजाजतपत्र नं.

मिति

इजाजत-पत्र

हिमा गाउँपालिका

हिमा गाउँ कार्यपालिकाको कार्यालय

कालिकाखेतु, जुम्ला

निर्माण व्यवसाय ऐन २०५५ को उप ४ को उपदफा (३) र निर्माण व्यवसाय नियमावली २०५६ को नियम (६) को उपनियम (१) र हिमागाउँपालिकाको निर्माण व्यवसाय कार्यविधि २०७५ दफा ४ को उपदफा (३) बमोजिम निर्माण व्यवसाय गर्न ...................... स्थित कार्यालय भएको ................... फर्म वा कम्पनीलाई इजाजत पत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेको :-

दस्तखत :

नाम :

पद :

मिति

(त्यस वृतभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

## नविकरण

| नविकरण गर्ने | नविकरण गरेको मिति | नविकरण वहाल रहने मिति | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची-४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.सं. | आयोजना को नाम निकायको विवरण | सार्वजनिक उपकरण शेयर | नाम (यदि ५) भएमात् | ठेक्का विवारण | सार्वजनिक निककायको तर्फबाट हस्तक्षर गर्ने पदिधकारीको विवरण | समयावधि थप विवरण यदि भएमा | को Variation विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क) ठेक्का<br>ख) सम्झौता मिति<br>ग) ठेक्का अवधि | क) नाम<br>ख) पदः<br>ग) हस्ताक्षर<br>घ) छाप | क) थप समय<br>क) नाम<br>ख) पद<br>ग) हस्ताक्षर<br>घ) निर्णय मिति | क) Variation पछि Contractor<br>क) Variation को निर्णय गर्न पदाधिकारीको नाम<br>ख) पद<br>ग) हस्ताक्षर<br>घ) छाप | क) सम्पन्न रकम<br>ख) सम्पन्न मिति<br>ग) सम्पन्न ५<br>ग) नाम पद हस्ताक्षर छाप | अन्तिम ठ्क्का रकम<br>ख) सम्पन्न मिति<br>घ) नाम पद हस्ताक्षर छाप | |

## अनुसूची-५

## "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्रको लागि आवश्यक योग्यता तथा कागजातहरूको विवरण

१) आर्थिक क्षमता :

प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा घटीमा पाँच लाख रूपैयाँको चालु पूँजी देखाइ उद्योग विभागमा दर्ता भएको हुनु पर्ने ।

२) फर्म जनशक्ति (नियुक्ति र कारनामा)

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरीङ्ग विषयमा प्रमाण पत्र उत्तिर्ण एकजना प्राविधिक, कुनै पनि विषयमा उत्तिर्ण एकजना प्रशासनिक कर्मचारी र बाणिज्य शास्त्र/अर्थ शास्त्र विषयमा प्रमाणपत्र तह उत्तिर्ण एकजना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्दछ ।

३. मेसिन/उपकरण

क) टिपर/ट्याक्टर (एक/एक थान)
ख) मिक्सर (एक थान)
ग) वाटर पम्प मेशीन (तीन थान)
घ) Theodolite/Level Machine (एक सेट)
ङ) भाइब्रेटर मेशिन (तीन थान)

द्रष्टव्य

१) मेशिन उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्रका बीमा गरेको सक्कल कागजात (बीमालेख पत्र) र सक्कल भ्याट बिल पेश गर्नु पर्नेछ ।

२) माथि उल्लेखित यान्त्रिक उपकरणहरू चालु अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसियसशनको सदस्यता प्राप्त गरेको हुनुपर्नेछ ।

३) माथि उल्लेखित यान्त्रिक उपकरण दर्ता भएको मितिले दुई वर्षसम्म बेचविखन गर्न पाइने छैन ।

४) पन्ध्र वर्षभन्दा बढी पुरानो यान्त्रिक उपकरणहरू व्यवसायीको स्तरमा वृद्धि तथा नयाँ दर्ता हुन प्रयोजनको लागि मान्य हुने छैन ।

**लक्ष्मण बहादुर शाही**
**अध्यक्ष**
**हिमा गाउँपालिकाको कार्यालय**